मिर्चैया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामनगर,मिर्चैया,सिरहा

मधेश प्रदेश

**मिति २०७८ साल बैशाख २६ गते बसेको ३८ औ नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७८ साल बैशाख २६ गतेका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६. वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री राम कुमार यादब -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री निलम कुमारी हाथि -सदस्य

१८. कार्यपालिका सदस्य श्री कुश्मा देवी साफी -सदस्य

१९. कार्यपालिका सदस्य श्री रेखा कुमारी -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम -सदस्य

२१. कार्यपालिका सदस्य श्री सुजी देवी सदा -सदस्य

२२. कार्यपालिका सदस्य श्री उमेश सिंह -सदस्य

२३.प्र.प्र. अधिकृत श्री श्री डम्बरध्वज आङदेम्बे -सचिब

**प्रस्ताव न.१.कोभिड-१६ को संकट व्यवस्थापनमा मिर्चैया नगरपालिकाको पूर्व तैयारी सम्बन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिकाको वडा नं. १ देखि १२ सम्मका नगरबासीको लागि पुरानो प्राथमिक स्वास्थ्य केन्द्रलाई covid-१९ अस्पतालको रुपमा अक्सिजन सिलिडर सहितको १०(दश) वटा वेड व्यवस्थापन भएको / गराएको वारे जानकारी भएको ।

**प्रस्ताव न.२.बडा स्तरीय संयन्त्र निर्माण सम्वन्धमा ।**

आजको मिर्चैया नगरपालिकाको वडा न.१ देखि १२सम्मको वडाहरुमा corid-19 ब्यबस्थापनको लागि तपसिल बमोजिमको वडा स्तरीय संयन्त्रण निर्माण गर्ने भनि सर्वसम्मतबाट निर्णय गरियो ।

तपसिल

१ उक्त वडाको वडाअध्यक्ष - १ जना -संयोजक

२. उक्त वडाको वडासदस्य- ४ जना -सदस्य

३. उक्त वडाको कार्यपालिका सदस्य -१ जना -सदस्य

४. उक्त वडाको स्वास्थ्य चौकीको प्रमुख -सदस्य

५. उक्त वडाको वडा सचिव -सदस्य-सचिब

**प्रस्ताव न.३.मानव भिड़भाड तथा बजार नियन्त्रण र अनुगमन सम्वन्धमा ।**

निर्णय

मिर्चैया नगरपालिका अन्तर्गत रहेको विभिन्न हाट वजारहरुमा मानव भिडभाड हुन नदिने, भिडभाड भएको ठाउँमा गएर सम्झाउने,कोरोना भाईरस सम्बन्धी जनचेतनामुलक संदेश दिने, वजार लाग्न नदिने र उक्त कार्यको लागि मिर्चैया नगरपालिका, सूरक्षा निकाय र वडा स्तरिय संयन्त्रले अनुगमन गर्ने/गराउने र नियम उल्लंघन गर्नेलाई

संक्रामक रोग नियन्त्रण ऐन,२०२० को दफा २(२) बमोजिम कारबाही गरी नियन्त्रण गरिने भनि सर्व सम्मतवाट निर्णय गरियो ।

**प्रस्ताव न.४.कोमिड-१९ को उपचार खर्च सम्बन्धमा ।**

निर्णय

आजको यस बैठकले मिचैया नगरपालिका अन्तर्गत कोरोना भाइरस प्रभावित भएमा हुने खाने व्यक्तिले कोरोना उपचार खर्च आफैले व्यहोर्ने र अति विपन्न गरीब परिवारलाई मिचैया नगरपालिकाले खाना खर्च व्यहोर्ने भनि निर्णय गरियो।

**प्रस्ताव न. ५.एम्बुलेन्सहरुको नामावली संकलन र तैयारी अवस्थामा राख्ने सम्बन्धमा ।**

निर्णय

आजको यस बैठकले मिर्चैया नगरपालिका क्षेत्रभित्र रहेका एम्बुलेन्सहरुको नामावली संकलन गर्ने र उक्त एम्बुलेन्सहरु साताभरि आलोपाल गरी प्राथमिक स्वास्थ्य केन्द्रमा तयारि अबस्थामा राखी एम्बुलेस चालकलाई मिर्चैया नगरपालिका क्षेत्र भित्र कोरोना भाइरसका बिरामी ओसार पसार काम गरे वापत १० लिटर इन्धन र भत्ता रु ५०० दिने भनि निर्णय गरियो।